# स्थायी लेखा नम्बर

## १. स्थायी लेखा नम्बर के हो ?

स्थायी लेखा नम्बर प्रत्येक करदातालाई पहिचान दिन दिइने अद्धितिय **(Unique)** र स्थायी (**Permanent**) संकेत अंक हो । यो नौ (९) अंकको हुन्छ । यो संकेत एक पटक लिई सकेपछि उही व्यक्तिले व्यवसाय गर्ने स्थल वा व्यवसायको प्रकृति वा अन्य विवरण बदले पनि सो करदाताका लागि सँधैभरि सोही संकेत अंक कायम रहि रहने भएकोले स्थायी लेखा नम्बर भनिएको हो । यसलाई अंग्रेजीमा **Permanent Account Number** र छोटकरीमा **PAN** भनिन्छ । व्यक्तिको लागि यो कर तिर्ने प्रयोजनको लागि प्रयोग गरिन्छ । यो नम्बर कर प्रयोजनको लागि व्यक्तिगत सूचनाको भण्डारण गर्ने कार्यको लागि प्रयोग गरिन्छ । यो व्यवसाय, रोजगारी एबं लागानीको पहिचान जनाउने नम्बर पनि हो । कम्प्यूटर प्रणालीबाट श्रृजना हुने नौ अंकको यो नम्बरको उदाहरण 100362257 यस्तो हुन्छ ।

## २. PAN लिन किन आवश्यक छ ?

उद्योग, व्यापार, पेशा, व्यवसाय (फर्म नराखी स्वतन्त्र व्यवसाय गर्ने प्राकृतिक व्यक्तिसमेत), रोजगारी गर्ने व्यक्तिले आफुले गर्ने कारोवार, बैंकिङ्ग कारोवार, जारी गर्ने बील बीजक, खाता बही, कागजात तथा आय विवरण लगायत कर सम्बन्धी सम्पूर्ण विवरणमा **PAN** को उल्लेख गर्न अनिवार्य भएकोले **PAN** लिनु पर्दछ । साथै यो नम्बरले करदातालाई एउटा विशिष्ट पहिचान दिने भएकोले आफ्नो व्यवसाय गर्न र सोमा सम्बद्ध राजस्व दाखिला गर्न यो **PAN** लिए पछि सहज हुने भएकोले **PAN** लिन आवश्यक छ ।

## ३. अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गर्न के छुट्टै PAN लिनु पर्दछ ?

अन्तः शुल्क लाग्ने वस्तुको कारोवार गर्न पहिला **PAN** लिई सकेका व्यक्तिले पुनः छुट्टै **PAN** लिनु पर्दैन । अन्तःशुल्क लाग्ने बस्तुको कारोबार गर्नेले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लखा नियन्त्रक कार्यालयमा इजाजतपत्रका लागि आवेदन गरी इजाजतपत्र भने लिनु पर्दछ । अन्तः शुल्क इजाजतपत्रको लागि आवेदन दिंदा **PAN** को प्रतिलिपी पनि संलग्न गर्नुपर्दछ ।

## ४. के प्राकृतिक व्यक्ति र कम्पनीको PAN फरक फरक किसिमको हुन्छ ?

प्राकृतिक व्यक्ति र कम्पनीले फरकफरक **PAN** लिनु परे पनि स्थायी लेखा नम्बरको रुपमा एउटै किसिमको विशिष्ट नम्बर **(Unique Number)** दिइएको हुन्छ । **PAN** को संकेत संख्याबाटै प्राकृतिक व्यक्ति र कम्पनी छुट्टिंदैन ।

## ५. PAN को उल्लेख कुन कुन कागजातमा गर्नुपर्दछ ?

आफुले गर्ने कारोवार, बिल बिजक, खाताबही, आय विवरण लगायत बैंकिंग कागजात तथा कर सम्बन्धी सम्पूर्ण विवरण (आयकर, मू.अ.कर, भन्सार, अन्तःशूल्क समेत) मा **PAN** उल्लेख गर्न अनिवार्य हुन्छ । आफैंलाई कर सम्बन्धी सुविधा सहुलियत हासिल गर्न वा कुनै सूचना प्राप्त गर्न

**PAN** को उल्लेख गर्न आवश्यक हुन्छ । राजस्व दाखिला गर्ने भौचरमा **PAN** नम्बर राखिएमा त्यसले राजस्वको अभिलेख दुरुस्त राख्न सहयोग गर्दछ ।

६. **आयकरमा दर्ता भई PAN लिइ सके पछि फेरी मूल्य अभिबृद्धि कर (VAT) को लागि छुट्टै PAN लिनु पर्दछ ?**

मूल्य अभिबृद्धि कर **VAT** र आयकर दुबै आन्तरिक राजस्व विभागद्वारा प्रशासन गरिन्छ र दुबै प्रयोजनको लागि एउटै **PAN** दिइन्छ । यसर्थ आयकर तथा मूल्य अभिबृद्धि कर प्रयोजनकालागि छुट्टाछुट्टै दुईटा **PAN** लिनु पर्दैन । तर **PAN** मात्र लिएको व्यवसायले मु.अ.करयोग्य कारोबार गर्न चाहेमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय /करदाता सेवा कार्यालयमा निवेदन दिई मु.अ.करमा समेत दर्ता हुनुपर्दछ ।

७. **रोजगारीको आय हुने व्यक्तिले PAN लिनु पर्छ कि पर्दैन ?**

रोजगारीको आय हुने व्यक्तिले पनि **PAN** लिनु पर्ने गरी आ.ब. २०६६।६७ देखि व्यवस्था गरिएको छ । एउटै मात्र रोजगारदाता भएको अवस्थामा व्यक्तिगत **PAN** लिनु पर्दछ । यस्तो **PAN** हुने व्यक्तिको रोजगारदाताले नै पारिश्रमिक भुक्तानी गर्दा कर कट्टी गरी दाखिला गरिदिने भएकोले आय विवरण पेश गर्नुपर्दैन । तर एकभन्दा बढी रोजगारदाता भएको अवस्थामा अन्तिम कर दायित्व यकिन गरी आय विवरण पेश गर्नु पर्ने भएकोले **Business PAN** लिनुपर्दछ ।

८. **मैले प्रोप्राइटरसीप फर्म वन्द गरी प्राइभेट लिमिटेड कम्पनी खोल्दैछु के मैले कम्पनीका लागि छुट्टै PAN लिनु पर्दछ ?**

प्रोप्राइटरसीप फर्म (एकल प्राकृतिक व्यक्तिको स्वामित्वमा रहने) र कम्पनी (छुट्टाछुट्टै व्यक्तिको स्वामित्वमा रहने) भएकोले प्राइभेट लिमिटेड कम्पनीले (एकल प्राकृतिक व्यक्तिको स्वामित्वमा रहे पनि, छुट्टै कानूनी व्यक्ति भएकोले) छुट्टै **PAN** लिनु पर्दछ ।

९. **मैले विराटनगरमा खुद्रा पसलको व्यवसाय गर्दा PAN लिएको थिएँ । सो व्यवसाय बन्द गरी म काठमाण्डौं आए र यहाँ उद्योग स्थापना गर्ने तयारी गर्दैछु । के काठमाण्डौंमा मैले पुनः छुट्टै PAN लिनु पर्दछ ?**

उही प्राकृतिक व्यक्ति हो भने ठाउँ वा कारोवारको प्रकृति बदलेपनि पुनः **PAN** लिई राख्नु पर्दैन । तर परिवर्तन सम्बन्धी सूचना सम्बन्धित आन्तरिक राजस्व कार्यालय (आफुले **PAN** लिएको आ.रा.का तथा करदाता सेवा कार्यालय) मा दिई आफ्नो अभिलेख अद्यावधिक गराउनु पर्दछ । काठमाण्डौमा आई पूनः उद्योग व्यवसाय सूचारु गर्नुपरेमा व्यवसाय गर्न छनौट भएको स्थान अन्तरगतको क्षेत्रमा पर्ने आन्तरिक राजस्व कार्यालय /करदाता सेवा कार्यालयम निवेदन दिई **PAN** लाई Reactivate गर्नुपर्दछ ।

१०. **मेरो होलसेलको पसल छ । मैले विल विजक जारी गर्दा सामान खरीद गर्ने व्यक्तिको पनि PAN उल्लेख गर्नु पर्दछ ?**

बील बिजक जारी गर्दा आफ्नो **PAN** साथै सामान खरीद कर्ता व्यवसायीको **PAN** को उल्लेख गर्न पनि अनिवार्य हुन्छ । यसबाट बिक्रेता र खरीदकर्ताको कारोबार मिलान गर्न सहज र सम्भव हुन्छ । आफ्नो व्यवसायिक कारोबारको यथार्थ चित्रण प्रस्तुत गर्नुपर्ने भएकोले बिक्रेताले बिक्री बिलमा **PAN** उल्लेख गर्नु पर्दछ । यसले ग्राहकलाई तपाईंको व्यवसायको पहुचमा रहिरहन समेत सघाउने गर्दछ ।

**११. आन्तरिक राजस्व विभागले PAN लिएको नलिएको, कागजात (जस्तै विल विजक) मा उल्लेख गरे नगरेको कसरी थाहा पाउछ ?**

आन्तरिक राजस्व विभाग वा मातहतका कार्यालयहरुबाट र राजस्व अनुसन्धान विभाग समेतको मद्दतले **PAN** लिएको नलिएको, **VAT** लगायतका करमा दर्ता भए नभएको र बील बिजकमा उल्लेख **(Quote)** गरे नगरेको अनुगमन गर्ने गर्दछ । यसका लागि बजार अनुगमनको विशेष व्यवस्था गरिएको छ । **PAN** लिएर मात्र कारोवार गर्नु पर्ने व्यक्तिले **PAN** नलिई कारोवार गरेको पाइएमा आयकर तथा मू.अ.कर दुबै ऐन बमोजिम आन्तरिक राजस्व विभागले कानूनी कारवाही गर्न सक्दछ ।

**१२. e-PAN भनेको के हो ?**

स्थायी लेखा नम्बर प्रत्येक करदातालाई दिइने नौ अंकको स्थायी संकेत हो । यसलाई अंग्रेजीमा **Permanent Account Number** र छोटकरीमा **PAN** भनिन्छ । **Personal** तथा **Business PAN** प्राप्त गर्न आन्तरिक राजस्व कार्यालय वा करदातासेवा कार्यालयबाट प्राप्त दरखास्त फारम पूर्ण रुपमा भरी सो साथ आवश्यक पर्ने कागजातहरुसमेत संलग्न गरी आन्तरिक राजस्व विभाग मातहतका सम्बन्धित कार्यालयहरुमा दरखास्त गर्न सकिन्छ भने अर्कोतर्फ आन्तरिक राजस्व विभागको वेबसाइट **www.ird.gov.np** मा गई त्यहां उपलब्ध फाराम **(PAN** पाउनका लागि दिईने दरखास्त फाराम) अनलाईनको माध्यमबाट भरी त्यस्को **Print Out** वा **Submission Number** लिएर आवश्यक पर्ने कागजातहरु समेत संलग्न गरी आन्तरिक राजस्व विभाग मातहतका सम्बन्धित कार्यालयहरुमा दरखास्त गर्न सकिन्छ । यसरी अनलाईनको माध्यमबाट **PAN** प्राप्त गर्न प्रयोग गरिने माध्यमलाई **e-PAN** को रुपमा बुझिनछ ।। **e-PAN** भनेको छुट्टै **PAN** होइन ।

**१३. PAN कसरी जारी गरिन्छ ?**

**Personal** तथा **Business PAN को लागि** आन्तरिक राजस्व विभागको वेबसाइट **www.ird.gov.np** मा गई त्यहां उपलब्ध फाराम **(PAN** पाउनका लागि गरिने दरखास्त फाराम) अनलाईनको माध्यमबाट भरी त्यस्को **Print Out** वा **Submission Number** लिएर वा आन्तरिक राजस्व विभाग मातहतका कार्यालयहरुमा प्राप्त हुने दरखास्त फाराम पूर्ण रुपमा भरी सो साथ आवश्यक पर्ने कागजातहरु समेत संलग्न गरी आन्तरिक राजस्व विभाग मातहतका सम्बन्धित कार्यालयहरुमा दरखास्त गर्न सकिन्छ । यसरी दरखास्त प्राप्त भएपछि आन्तरिक राजस्व विभाग मातहतका कार्यालयहरुले जांचबुझ गरी कम्प्यूटर प्रणालीबाट **PAN** जारी गर्दछन । सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट आवेदकलाई उक्त **PAN** को प्रमाणपत्र प्रदान गरिन्छ ।

**१४. Personal तथा Business PAN को लागि online application कसरी गरिन्छ ?**

**स्थायी लेखा नम्बर (PAN ) लिने तरीका (Registration Process )**

- **Mozilla Firefox** वेव ब्राउजर प्रयोग गरी **www.ird.gov.np** पेज लोड गर्नुहोस ।
- होमपेजमा भएको **taxpayer portal** मा क्लिक गर्नुहोस ।
- तत् पश्चात प्राप्त हुने **screen** मा **Registration Folder** लाई छनौट गर्नुहोस ।
- तत् पश्चात **Application for Registration** मेनु क्लिक गर्नुहोस ।
- **Submission No** प्राप्त गर्न आवश्यकता अनुसारको बक्समा टाइप गरी आफ्नो कारोवार स्थलसंग सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट **(PAN )** लिने हो सोही कार्यालय छनौट गरी **OK** बटनमा क्लिक गर्नुहोस ।
- **Submission No** प्राप्त गरी आवश्यकता अनुसारको ब्यक्तिगत वा ब्यावसायिक **(Personal/ Business)** छनौट गर्नुहोस ।
- अब **Screen** मा माग भए बमोजिमको विवरणहरु प्रविष्टि गरी **Save** वटनमा क्लिक गर्नुहोस ।
- आवश्यक सबै विवरण रुजु गरी विवरण ठीक भएमा **Submit Button Click** गरी विवरण **Submit** भएको जानकारी प्राप्त गर्नुहोस ।
- यसरी विवरण **Submit** भै सकेपछि त्यस पेजमा भएको **Save** र **Submit Button Disable** भै **Print Button** मात्र **Enable** हुन्छ ।
- अब **Print Button** मा क्लिक गरी विवरणहरु प्रिन्ट गरी आवश्यक अन्य कागजातहरु ( जस्तै ब्यवसाय दर्ता प्रमाण, दुइ प्रति पासपोर्ट साइजको फोटो, नागरिकताको फोटोकपि, घरभाडा संझौता लगायतका, कारोबार स्थल पहिचान हुने गरी तयार गरेको हस्त लिखित नक्सा) सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा गएर स्थायी लेखा नम्बर **(PAN)** प्राप्त गर्न सकिन्छ ।

तपाईंलाई कुनै कुरा स्पष्ट नभएमा **Help** मा गई सहयोग लिन सक्नु हुनेछ ।

**१५. PAN क-कसले अनिवार्य रुपमा लिनु पर्दछ ?**

आन्तरिक राजस्व विभागले स्थायी लेखा नं. लिनुपर्ने भनी तोकेको निर्धारण योग्य आय आर्जन गर्न चाहने वा भुक्तानीमा करकट्टी गर्नुपर्ने जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा करकट्टी गर्नु अगावै स्थायी लेखा नम्वर अनिवार्य रुपमा लिनुपर्दछ । स्थायी लेखा नम्बर लिन अनिवार्य नभएको र स्थायी लेखा नं प्राप्त गरी नसकेको अन्य व्यक्तिले पनि स्थायी लेखा नं लिन सक्नेछ ।

**१६. Personal PAN बाट Business PAN मा कसरी रुपान्तरण गर्न सकिन्छ ?**

व्यवसाय दर्ता गरिसकेपछि **Personal PAN** लाई व्यावसायिक स्थायी लेखा नम्बर **(Business PAN)** मा परिवर्तनका लागि व्यवसाय दर्ता प्रमाणपत्र सहित सम्बन्धित आन्तरिक राजस्व

कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिएको अबस्थामा तपाईको **Personal PAN** लाई कार्यालयले **Business PAN** मा रुपान्तरण गरिदिन्छ ।

**१७. PAN लिन के के कुराहरुको जानकारी गराउन पर्दछ र कुन कागजातहरु कार्यालयममा पेश गर्नु पर्दछ ?**

**Personal PAN** लिन प्राकृतिक व्यक्तिले आफ्नो नाम, थर, स्थायी ठेगाना, पिताको नाम, जन्म मिति, नागरिकता/परिचयपत्र नम्बर बारे जानकारी गराउनु पर्दछ । सो साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, विदेशीको हकमा राहदानी वा सम्बन्धित कुटनैतिक नियोगद्वारा जारी गरिएको परिचयपत्र, पेशागत प्रमाणपत्रको प्रतिलिपी र दुई प्रति फोटो पेश गर्नु पर्दछ । स्थायी लेखा नम्बर लिन अनिवार्य नभएका प्राकृतिक व्यक्तिले **PAN** लिन चाहेमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फोटो भए पुग्दछ । व्यावसायिक स्थायी लेखा नम्बर **(Business PAN)** को लागि व्यवसाय दर्ता प्रमाणपत्र समेत पेश गर्नुपर्दछ ।

**१८. मैले PAN लिनका लागि निवेदनको ढाँचा कसरी प्राप्त गर्न सक्दछु र यस्तो निवेदन मैले कहाँ दिनु पर्दछ ?**

**PAN** लिनको लागि भर्नुपर्ने निवेदन फारामको ढाँचा **www.ird.gov.np** को वेबसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ । साथै आन्तरिक राजस्व कार्यालयहरु, करदाता सेवा कार्यालयहरु, आन्तरिक राजस्व विभागबाट स्था.ले.नं. जारी गर्न स्विकृति प्राप्त उद्योग बाणिज्य संघहरु लगायतका निकायहरुबाट समेत प्राप्त गर्न सकिन्छ ।

**१९. PAN लिनका लागि मैले कति दस्तुर बुझाउनु पर्दछ ?**

तपाईंले **PAN** लिनका लागि कुनैपनि किसिमको दस्तुर बुझाउनु पर्दैन ।

**२०. म बसेको ठाँउ आन्तरिक राजस्व कार्यालय रहेको शहरबाट धेरै टाढा छ । के मैले आफु बसेको ठाउँ मै PAN पाउन सक्दिन ?**

जुनसुकै ठाउँबाट इन्टरनेट मार्फत् फाराम डाउनलोड गरी अनलाईनबाट नै **PAN** का लागि आवेदन गर्न सकिन्छ । यसरी अनलाईन आवेदन फाराम भर्दा प्राप्त भएको निस्सा (सब्मिशन नम्बर) लिई सम्बन्धित आ.रा.का.वा करदाता सेवा कार्यालयमा . सम्पर्क राख्नु पर्दछ । रोजगारी गर्ने व्यक्तिले आफ्नो रोजगारदाता मार्फत् पनि **Personnel PAN** का लागि आवेदन गर्न सक्दछन् ।

**२१. PERSONAL PAN का लागि के मैले Online फाराम पाउन सक्दछु ? के यस्तो फाराम Online भरेर बुझाउन (submit) पनि सकिन्छ ?**

**PERSONAL PAN** का लागि **online** फाराम पाउन सकिन्छ र सो **online** नै भरी बुझाउन **(submit** गर्न**)** सकिन्छ । तर **PAN** कार्ड लिन आ.रा.का.वा क.से.का. मा सम्पर्क राख्नै पर्दछ ।

**२२. मेरो उद्योग भर्खरै स्थापना भएकोले मुनाफामा आउन अझै ४-५ वर्ष लाग्छ । मुनाफा हुन थालेर सो मा कर तिर्नु पर्ने भए पछि मात्रै मैले PAN लिए हुदैन ?**

हुँदैन । किनभने **PAN** नलिई उद्योग व्यापार पेशा व्यवसाय संचालन गरेमा आयकर ऐन, २०५८ को उल्लघंन हुन गई दण्ड जरिवानामा समेत परिन्छ । तसर्थ उद्योग व्यापार पेशा व्यवसाय थालनी गर्नु अगावै **PAN** का लागि आवेदन गरी **PAN** लिई सक्नु पर्दछ ।

**२३. के एउटै व्यक्तिसँग एक भन्दा बढी PAN हुन सक्दैन ?**

सक्दैन । एउटा व्यक्ति (प्राकृतिक ब्यक्ति वा निकाय) ले जीवनमा एउटा मात्रै **PAN** लिन सक्दछ । एउटै मात्र **PAN** रहि रहन्छ । त्यसैमा आफ्नो व्यवसायको प्रकारहरु थप गर्दै लैजानु पर्दछ । प्राकृतिक व्यक्तिले थप कारोबार गर्न चाहेमा सोही **PAN** मा कारोबार थप गर्नुपर्दछ ।

**२४. PAN लिएर मलाई के फाइदा छ ?**

**PAN** लिएपछि कारोवार गर्न, आयात निर्यात गर्न, बैंकसंग ऋण लिन एवं राजस्वसम्बन्धी सम्पूर्ण काम गर्न सहज हुन्छ । साथै तपाईको व्यवसायमा पारदर्शिता आउने हुन्छ । **PAN** लिएर त्यसको आधारमा करदाताको पहिचान पाउनु तपाईको लागि गौरवको विषय पनि हो । यो हरेक करदाताको पहिचान सम्बन्धी विशेष संकेत पनि हो ।

**२५. मैले PAN का लागि निवेदन दिन फाराम त पाएँ, तर भर्न जानिन । यस बारे थप जानकारी मैले कहा पाउन सक्छु ?**

**PAN** का लागि आवदेन गर्न सहयोगका लागि विभागले ब्रोसियर/निर्देशिका बनाएको छ । यस्तो ब्रोसियर/निर्देशिका **www.ird.gov.np** मा पनि उपलब्ध छ र तपाई नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पनि यो उपलब्ध हुन्छ । तपाईले प्राप्त गर्नुभएको ब्रोसियर/निर्देशिका अध्ययन गरी सजिलै फाराम भर्न सकिन्छ । साथै आ.रा.का. तथा क.से.का.हरुमा रहेको हेल्पडेस्क, **www.ird.gov.np** को वेबसाईट र उद्योग वाणिज्य महासंघहरुबाट समेत थप जानकारी र सहयोग लिन सकिन्छ ।

**२६. PAN का लागि आवेदन गर्दा के फोटो बुझाउनै पर्दछ ?**

**PAN** का लागि आवेदन गर्दा प्राकृतिक व्यक्तिको हकमा आफ्नो २ प्रति फोटो बुझाउनु पर्छ । निकायको हकमा संचालक समितीले निर्णय गरे अनुसारका व्यक्तिको फोटो संलग्न गर्नुपर्दछ ।

**२७. म विदेशी नागरिक हुँ । मैले PAN पाउन सक्दछु वा सक्दिन ? सक्छु भने मैले के के कागजात बुझाउनु पर्दछ ?**

विदेशी नागरिकले नेपालको प्रचलित कानून अनुसार नेपालमा उद्योग, व्यापार, पेशा, व्यवसाय, रोजगारी वा लगानी गर्दा **PAN** लिनु पर्दछ । यसका लागि आवेदन गर्दा अन्य कागजातका अतिरिक्त निजको परिचय खुल्ने राहदानी वा सम्बन्धित कूटनैतिक नियोगद्धारा जारी गरिएको परिचय पत्र पेश गर्नु पर्दछ ।

**२८. PAN पाउन आवेदन गर्ने महिलाले आवेदन फर्ममा आफ्नो पिता को नाम लेख्ने कि पति वा ससुराको ?**

**PAN** पाउन आवेदन गर्ने महिला प्राकृतिक व्यक्तिले आफ्नो पिता, आमा, पति वा ससुराको नाम अनिवार्य लेख्नु पर्दछ ।

**२९. गैर बासिन्दा व्यक्तिले PAN पाउन कसले आवेदन गर्नु पर्दछ ?**

गैर बासिन्दा व्यक्तिको हकमा निज स्वयंले वा निजको नेपालमा रहेको स्थायी संस्थापन वा प्रतिनिधि एजेण्टले **PAN** लिन आवेदन गर्नुपर्दछ ।

**३०. के मैले PAN का लागि आवेदन गर्दा कर चुक्ता प्रमाण पत्र र पुरानो आय विवरण तथा अग्रिम कर कट्टी (जस्तै घर बहालमा) दाखिला गरेको प्रमाण तथा घरको बहालमा लिएको सम्झौता पत्र पेश गर्नु पर्दछ ?**

**PAN** का लागि आवदेन गर्दा कर चुक्ता प्रमाणपत्र वा पुरानो आय विवरण, कर रकम, अग्रिम कर कट्टी रकम दाखिला गर्नु पर्दैन । कारोवार शुरु गर्न बाँकी नै रहेको करदाताले त झन् पर्दै परेन । तर आन्तरिक राजस्व कार्यालयले पुराना करदाताबाट (साविकदेखि कारोवार गरिरहेका) कर असुली प्रयोजनका लागि आय विवरण, अग्रिम कर माग गर्न सक्दछ । **PAN** दिनबाट बञ्चित गर्न सक्दैन । भाडाको घरमा बसेको करदाताको ठेगानाको पहिचानको लागि बसेको ठाउँको (कारोवार स्थलको) नक्सा र घरबहालको सम्झौता भने आवश्यक पर्दछ ।

**३१. PAN प्रथा लागू हुनु अगावै मैले आयकर दर्ता प्रमाणपत्र लिएको थिए । के मैले पनि फेरी PAN लिनु पदर्छ ?**

पुरानो आयकर दर्ता प्रमाणपत्र लिने व्यक्तिले पनि **PAN** लिन अनिवार्य छ । पुरानो आयकर प्रमाणपत्रलाई यसले प्रतिस्थापन गर्दछ । तर यो नयाँ नम्बरले हिजोको व्यवसायलाई भने नियमितता दिन्छ ।

**३२. के मैले लिएको PAN प्रत्येक वर्ष नविकरण गराउनु पर्दछ ?**

**PAN** एउटा स्थायी परिचयपत्र हो । यसको नवीकरण गराइ राख्न पर्दैन । तर करदाताको ठेगाना, कारोवार स्थल वा कारोबारको प्रकृति आदिमा कुनै परिवर्तन भए सोको सूचना सम्बन्धित आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालयलाइ परिवर्तन भएको मितिले १५ दिन भित्र दिई सक्नु पर्नेछ ।

**३३. मैले PAN का लागि आवेदन गरेको कति समय पछि PAN CARD पाउन सक्छु ?**

तुरुन्तै प्राप्त गर्न सकिन्छ ।

**३४. म आजै आय विवरण पेश गरेर लाग्ने कर तिरेर कर चुक्ता प्रमाण पत्र चाहन्छु । तर म सँग PAN छैन । मैले के गर्नु पर्दछ ?**

**PAN** नलिएका व्यक्तिले पनि करयोग्य कारोवार गरेको भए आय विवरण पेश गर्न र कर तिर्नु पर्दछ । **PAN** नलिंदैमा करको दायित्वबाट मुक्ति पाइंदैन । कर तिरेपछि सोको निस्सा (कर चुक्ता प्रमाण) पनि पाइन्छ । तर **PAN** नलिंदा जरिवाना हुने, लिन अति सजिलो भएको र यसले करदातालाई नै फाइदा पुग्ने भएकोले **PAN** लिनका लागि पनि आवेदन गर्नु अनिवार्य हुन्छ ।

**३५. PAN लिन कहाँ सम्पर्क राख्नुपर्दछ ?**

**PAN** लिन आन्तरिक राजस्व कार्यालयहरु, करदाता सेवा कार्यालयहरु र आन्तरिक राजस्व विभागबाट स्था.लेखा.नम्बर प्रदान गर्न स्विकृति प्राप्त उद्योग बाणिज्य संघहरु लगायतका निकायहरुमा तथा **on line** मार्फत आवेदन गर्न **www.ird.gov.np** वेबसाइटमा सम्पर्क राख्नु पर्दछ ।

**३६. PAN लिन के के कागजात पेश गर्नुपर्दछ ? स्थायी लेखा नम्बर लिन कति समय लाग्छ ?**

**PAN** लिन निम्न लिखित कागजात पेश गर्नु पर्दछ ।

**प्राकृतिक व्यक्तिको लागि** : नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/विदेशीको हकमा राहदानी वा कुटनैतिक नियोगद्वारा जारी गरिएको परिचयपत्रको प्रतिलिपी, व्यवसाय वा पेशागत प्रमाणपत्रको प्रतिलिपी र फोटो २ प्रति साथै कारोबार स्थल आफ्नै घरमा भए लालपूर्जाको फोटोकपी अन्यथा घरधनी संगको घरबहाल सम्झौताको फोटोकपी ।

**निकायका लागि** : साझेदारी फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, प्रवन्धपत्र,नियमावली,विधान, आवेदन पत्रमा दस्तखत गर्नेको पासपोर्ट साइजका २ प्रति फोटोहरु, साझेदारी फर्म वा कम्पनी भए सबै साझेदार वा संचालकहरुको नागरिकताको प्रतिलिपी, मुख्य कारोवार स्थल वा प्रधान कार्यालय देखिने गरी बनाइएको नक्सा र संचालक समितिको निर्णय, कम्पनीको हकमा अख्तियार वालाको फोटो समावेश गर्ने, अख्तियारी नामा साथै आफ्नो भवन भए लालपूर्जाको फोटोकपी अन्यथा घरधनी संगको घरबहाल सम्झौताको फोटोकपी । **PAN** लिन समय लाग्दैन । यो तुरुन्त पाइन्छ ।

**३७. PAN लिएपछि के प्रमाण प्राप्त हुन्छ ?**

**PAN** लिए पछि आफ्नो वैयक्तिक विवरण र **PAN** संख्या उल्लेख भएको फोटो सहितको **PAN** कार्ड पाइन्छ ।

**३८. मेरो PAN लिन म स्वय उपस्थित हुनुपर्दछ कि अन्य व्यक्तिलाई पठाए हुन्छ ?**

**PAN** लिन आवेदन गर्दा इन्टरनेटका माध्यमबाट वा अरुलाई मञ्जुरीनामा दिएर पनि आवेदन गर्न सकिन्छ तर **PAN** कार्ड लिंदा आफू करदाताले (निकायको हकमा अधिकृत व्यक्तिले) दस्तखत गर्नुपर्ने हुँदा स्वयं उपस्थित हुनु पर्दछ ।

**३९. घरमै वसेर कम्प्यूटरबाट PAN लिन पाउने सुविधा छ, छैन ?**

घरमै बसेर कम्प्यूटरबाट इन्टरनेटका माध्यमले **PAN** का लागि आवेदन गर्न सकिन्छ तर **PAN** कार्ड लिन आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा उपस्थित भई कार्ड लिनु पर्दछ । कम्प्यूटरमा इन्टरनेटका माध्यमले आवेदन गर्न सम्पर्क राख्ने ठेगाना **www.ird.gov.np** हो । त्यसभित्र रहेको **Tax Payer Portal** मा गएर आफूले चाहेको विषय छनौट गर्न सकिन्छ ।

**४०. PAN नलिई कारोवार गरेमा मलाई कस्तो कानूनी सजाय हुन्छ ?**

**PAN** नलिई कारोवार गर्दा आयकर ऐनको अनिवार्य व्यवस्था नमाने वापत ऐनको दफा ११९क अनुसार रु.५ हजार देखि ३० हजारसम्म शुल्क (जरिवाना) हुन सक्दछ । साथै आयात निर्यात गर्दा वा बैकिंग कारोवार गर्दा वा सरकारी/सार्वजनिक निकायसँग सरोकार पर्ने कार्य पर्दा यस्तो कार्य गर्न नपाईने हुन सक्दछ ।

**४१. व्यक्तिगत स्थायी लेखा नम्बर लिए के फाइदा हुन्छ ।**

व्यक्तिगत स्थायी लेखा नम्बर (**PAN)** ले आफूले बुझाएको आयकर कम्प्यूटर प्रणालीमा अभिलेखांकन हुने र आफूले चाहेका बखत आफ्नो दाखिला रकम हेर्न सकिनेछ । यसका साथै तपाईलाई कर दाखिलाको प्रमाणीकरण आबश्यक भएमा सहज र आधिकारिक बनाउदछ । साथै करदाता भएकोमा गर्वको महसुस हुन्छ ।

**४२. मैले व्यक्तिगत स्थायी लेखा नम्बर लिएको छु, अब म एकलौटी व्यवसाय गर्न चाहन्छु, के मैले सोही नम्बर प्रयोग गर्न पाउँछु ? मैले के गर्नु पर्दछ ?**

तपाईंले सोही नम्बर प्रयोग गर्नका लागि व्यवसाय दर्ता गरी व्यावसायिक स्थायी लेखा नम्बरमा परिवर्तनका लागि आवश्यक कागजात सहित कारोवार स्थलसंग सम्वन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा निवेदन दिनु पर्दछ ।

**४३. मैले व्यावसायिक स्थायी लेखा नम्बर लिई एकलौटी व्यवसाय संचालन गरिरहेको छु, अब म व्यवसाय छाडी रोजगारी मात्र गर्न चाहन्छु, के मैले सोही नम्बर प्रयोग गर्न हुन्छ ? मैले के गर्नु पर्दछ ?**

तपाईंले सोही नम्बर प्रयोग गर्नका लागि व्यवसाय दर्ता खारेज वा स्थगन गरी व्यक्तिगत स्थायी लेखा नम्बरमा परिवर्तनका लागि आवश्यक पर्ने कागजातहरु सहित कारोवार स्थलसंग सम्वन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा निवेदन दिनु पर्दछ ।

**४४. कुन कुन अवस्थामा व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता खारेज गर्न पाईन्छ ?**

व्यक्तिको मृत्यु भएमा,नागरिकता त्याग गरी नेपाल छाडेमा, विदेशीको हकमा आय आर्जन गर्ने काम गर्न छाडेमा ।

**४५. व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता खारेज गर्ने प्रक्रिया के हो ?**

कारण खोली सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा निवेदन दिनुपर्दछ । तर तपाईको मृत्यू पछी यो नम्बर खारेज हुन्छ अन्यथा यो नम्बर तपाईको नाममा **inactive** अबस्थामा **system** मा रहि रहन्छ ।

**४६ आन्तरिक राजस्व विभागबाट स्थायी लेखा नम्वर (PAN ) प्रदान गर्न स्विकृति प्राप्त निकायहरु मार्फत VAT पनि दर्ता गर्न मिल्छ ?**

मिल्दैन । **VAT** दर्ता गर्न आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गर्नु पर्दछ । **PAN** प्रदान गर्न स्विकृति दिईएका संस्थाहरुलाई मूल्य अभिवृद्धि करमा पनि दर्ता गर्ने अनुमति दिईएको छैन ।

**४७. आन्तरिक राजस्व विभागबाट स्थायी लेखा नम्वर (PAN ) प्रदान गर्न स्विकृति प्राप्त संस्थाले नै स्थायी लेखा नम्बर प्रमाणपत्र पनि उपलब्ध गराउँछ ?**

हो, स्वीकृत प्राप्त संस्थाले शुरुमा तपाईंलाई स्थायी लेखा नम्बर प्रमाणपत्रको निस्सा उपलब्ध गराउँदछ र तीन महिना भित्र आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयबाट स्थायी प्रमाणपत्र प्राप्त गरी तपाईलाई उपलब्ध गराउँदछ । उक्त निस्सा लिएर सम्बन्धित आन्तरि राजस्व कार्यालय वा सेवा कार्यालयमा आफैं उपस्थित भई प्रमाणपत्र लिन सकिन्छ ।

**४८. स्थायी लेखा नम्बरका बारेमा थप जानकारी लिनु परेमा कहाँ कसलाई सम्पर्क गर्नुपर्दछ ?**

स्थायी लेखा नम्बरका बारेमा थप जानकारी लिन विभागको वेबसाइट **www.ird.gov.np** मा Log On गर्न सकिन्छ । साथै आन्तरिक राजस्व कार्यालयहरु, करदाता सेवा कार्यालयहरु, आन्तरिक राजस्व विभागबाट स्थायी लेखा नम्बर जारी गर्न स्विकृति प्राप्त उद्योग बाणिज्य संघहरु लगायतका निकायहरुबाट समेत **PAN** बारे थप जानकारी पाउन सकिन्छ ।